आज मिति २०८० साल असार ७ गतेका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | टामन सिग्देल | प्रशासन शाखा प्रमुख | |
| २७ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| २८ | मोहन बहादुर पौडेल | योजना शाखा प्रमुख | |

**प्रस्तावहरु:**

१. बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय सम्बन्धमा

२. ११ औं नगरसभा सम्बन्धमा

३. कार्यविधि सम्बन्धमा

४. विविध ।

**निर्णयहरु**

१. आगामी आ व २०८०।८१ को बजेट तथा कार्यक्रमको लागि मिति २०८०।०३।०५ गते बसेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकले गरेको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

२. मिति २०८०/०३/१० मा हुने यस नगरपालिकाको ११ औं नगरसभाको कार्यक्रम तालिका निम्नानुसार तय गर्ने निर्णय गरियो ।

| नगर सभाको कार्यक्रम तालिका | | | |
|---|---|---|---|
| कार्यक्रम विवरण | जिम्मेवार व्यक्तिको पद | जिम्मेवार व्यक्ति | क्रियाकलाप |
| कार्यक्रम सञ्चालक | प्र प्र अ | अनिल किराती | खदा लगाउने सबैलाई |
| अध्यक्ष | नगर प्रमुख | राजेशचन्द्र श्रेष्ठ | |
| आसन ग्रहण | उपप्रमुख | गीता खड्का | |
| आसन ग्रहण | वडाध्यक्ष (१-१४) | | |
| आसन ग्रहण | कार्यापालिका सदस्यहरु | | |
| आसन ग्रहण | नगर सभा सदस्यहरु | | |
| कार्यक्रम उद्घाटन | प्रमुख उपप्रमुख | | ब्यानर अन गरेर |
| राष्ट्रिय गान | सबै | | उभिएर गाउने |
| पानसमा बती | प्रमुख उपप्रमुख | | पानसमा बती बाल्ने |
| मौनधारण | सबै | | मौनधारण गर्ने |
| स्वागत मन्तव्य | प्रवक्ता | प्रेम थापा | मन्तव्य दिने |
| प्रगति विवरण पेश | उपप्रमुख | गीता खड्का | लिखित प्रतिवेदन पेश गर्ने |
| विनियोजन आर्थिक र विधेयक पेश | विधेयक समिति संयोजक | भूपेन्द्रसिं तामाङ | ऐन पेश गर्ने |
| अन्य कानुन पेश र मन्तव्य | विधेयक समिति संयोजक | भूपेन्द्रसिं तामाङ | समितिले गरेको कामहरुबारे मन्तव्य दिने |
| मन्तव्य | आर्थिक समिति संयोजक | अम्बर मगर | |
| मन्तव्य | सामाजिक समिति संयोजक | सुविन ढुंगाना | |
| मन्तव्य | पूर्वाधार समिति संयोजक | क्षेत्रबहादुर खड्का | |
| मन्तव्य | विपद समिति संयोजक | वेगबहादुर आले | |
| मन्तव्य | सुशासन समिति संयोजक | पुष्कर खड्का | |
| मन्तव्य | उपप्रमुख | गीता खड्का | समग्र कामको मन्तव्य दिने |
| प्रमुख मन्तव्य | प्रमुख | राजेशचन्द्र श्रेष्ठ | समग्र कामको मन्तव्य दिने |
| केही छलफल र प्रश्नहरु | नगर सभा सदस्यहरु | | स्वेच्छिक रुपमा सदस्यहरुले आफ्नो कुरा पालैपालो राख्ने |
| धन्यवाद | प्र प्र अ | अनिल किराती | सभामा उपस्थिति र सहभागी भएकोमा धन्यवाद व्यक्त गर्ने |

| | | | |
|---|---|---|---|
| संबोधन र समापन | प्रमुख वा अन्य | राजेशचन्द्र श्रेष्ठ | सवालहरुको संबोधन गर्दै समापान गर्ने |
| खाजा | कर्मचारीहरु | | सबैलाई खाजा बाँड्ने |

३. तपशिल बमोजिमको कार्यविधि तथा मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

१. कटारी नगरपालिका विपद् राहत वितरण सम्बन्धी मापदण्ड, २०८०

२. कटारी नगरपालिका बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि, २०८०

३. कटारी नगरपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८०

४. विविध

क) यस कटारी नगरपालिकाको मिति २०८०/०३/०४ मा शिक्षा शाखाबाट पेश भएको विद्यालय भवन तथा फर्निचर मर्मत सम्भार निकासा विषयको टिपणी र आदेश स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

ख) यस कटारी नगरपालिकाको मिति २०८०/०३/०४ मा उठाइएको टिपणी र आदेश बमोजिम वडा नं. २, ३, ४, ५, ६, ८, १० र ११ को वडा कार्यालयबाट गत आ. व. २०७८/७९ मा खरिद प्रकृया गरि वडा क्षेत्रमा हस्तान्तरण भएका सामानहरुको विवरणका साथ सिफारिस प्रतिवेदन अनुसार सम्बन्धित फर्मलाई क्रमागत योजना शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

ग) प्रदेश सरकाले स्वीकृत गरेको किशोरी सशक्तिकरण कार्यक्रम (सञ्चालन), निर्देशिका २०७९ वमोजिम बाल विवाह अन्त्यको लागि किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न यस नगरपालिकाको वडा न. ७ का जनप्रेमी मा वि रिस्कुलाई छनौट गर्ने र सोही निर्देशिका बमोजिमको कार्यक्रम सञ्चालन गर्न लगाउने निर्णय गरियो ।

घ) कटारी न.पा.को आ.व.२०७८।७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गरास भित्री सडक कालोपत्रे ठे.नं.2/Uda/Katarimun/078-079 को कार्य गर्न निर्माण व्यवसायी भिमेश्वर कन्ट्रक्सन प्रा.ली.ले सम्झौता गरी कार्य गर्दा गर्दै अलपत्र छाडी हिडेको र पटक पटक सम्पर्क गर्न खोज्दा सम्पर्क मै नआएको हुँदा निज निर्माण व्यवसायी भिमेश्वर कन्ट्रक्सन प्रा.ली. को ठेक्का तोडी नियमानुसार कालो सूचिमा राख्न कार्यवाही अगाडी बढाउने र उक्त कार्यको लागि विनियोजित बजेट आगामी आ.व. ०८०।०८१ को लागि अनिवार्य भूक्तानी दायित्वमा सार्ने र कार्य सम्पन्न गराउन आवश्यक वैकल्पिक व्यवस्था मिलाउने निर्णय गरियो ।

ङ) कटारी नगरपालिकाको कटारी बसपार्क निर्माण गर्न नगर विकास कोष (TDF) काठमाण्डौं र कटारी न.पा.विच सम्झौता प्रकृया अगाडी बढाउन नगर विकास कोषलाई अनुरोध गर्ने साथै सोको लागि आवश्यक कागजात अनुसूचीमा उल्लेखे गरी पठाउने साथै सम्झौता वा प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्वेवारी दिने निर्णय गरियो ।

च) कटारी न.पा.को आ.व.०७८।७९ को स्वीकृत कार्यक्रम अनुसार वडा नं.१२ को वडा कार्यालय भवन निर्माण ठे.नं. 7/Uda/Katarimun/078-079 को ठेक्काको निर्माण कार्य भई रहेको हुँदा समय अभाव भएको हुँदा ६ महिना म्याद थप गरि पाउँ भनि निर्माण व्यवसायीबाट माग भई आएको हुँदा माग अनुसार ६ महिना म्याद थप गर्ने र भूक्तानीहरु बाँकी रकम अनिवार्य भूक्तानी दायित्व आ.व.२०८०।८१ मा सारी भुक्तानी व्यवस्था मिलाउने निर्णय गरियो ।

छ) नगरपालिकाको विभिन्न मितिमा भएको साना साना छलफल तथा अन्तर्क्रियाहरूमा नगरको कुपन अनुसार आकृति होटलले मिति २०८०।०३।०७ गते पेश गरेको खाजा खानाको बीलको रकम रु. ८३२५०/- नियमानुसार विविध खर्चबाट उक्त होटललाई उपलब्ध गराउने निर्णय गरियो ।

ज) यस कटारी नगरपालिकाको मिति २०८०/०३/०१ मा उठाइएको कार्यक्रम संशोधन सम्बन्धी टिपणी र आदेशलाई स्विकृत गरी निकासा पेश भए अनुसार नै स्वीकृत गर्ने निर्णय गरियो।

झ) गत आ.व. २०७८।७९ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट जनता आधारभूत विद्यालय फूलबारी सिरान विद्यालयलाई प्राप्त २ कोठे ट्रसवाला भवन निर्माणको लागि रकम विनियोजन भएको र सो कार्यको लागि विद्यालयको भौगोलिक अवस्थालाई हेरी वडा लगायत आपसी सर-सल्लाह भए बमोजिम प्राविधिक स्टीमेट परिवर्तन गरी २ कोठे पक्की भवन निर्माणका लागि कटारी नगरपालिका र विद्यालय बीच मिति २०७९।०३।१३ गते भएको सम्झौता र तयारी प्राविधिक स्टीमेट बमोजिम विद्यालयको जनसहभागिता बापत विद्यालयले व्यहोर्नु पर्ने जम्मा रु. १०,५७,४८५.६३ रकम, विद्यालयको आर्थिक अवस्था नाजुक रहेको यस विद्यालयले मात्र व्यहोर्न नसक्ने भएकोले वडा नं. ४ को मिति २०७९।०३।१९ गते र मिति २०७९।०९।०८ गतेको सिफारिस पत्र बमोजिम चालु आ.व. २०७९।८० मा वडा र नगरपालिकाको साझेदारीबाट यस विद्यालयलाई प्राप्त हुने नमूना उन्मुख विद्यालयको रु. १०,००,०००।रकम विनियोजन भएकोमा सो मध्येबाट कार्यपालिकाको निर्णय गराई रु. ४,००,०००। (चार लाख मात्र) उपयुक्त विद्यालय सहभागिता बापत शीर्षकमा खर्च गरी अधुरो २ कोठे विद्यालयको भवनको बाँकी काम सम्पन्न गरी फछ्र्यौट गर्ने अनुमति पाउँ भनी आवश्यक कागजात सहित निवेदन पेश गरेको हुँदा मांग बमोजिम उल्लेखित विद्यालयको भवन निर्माण कार्य सम्पन्न गर्न गराउनको लागि मांग बमोजिमको रकम रु. ४,००,०००। सोही कार्यमा खर्च गर्ने र विधालयको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ञ) नगरपालिकाको कुपन अनुसार सिलौटा भान्सा घरले मिति २०८०।०३।०६ गते पेश गरेको खाजा खानाको बीलको रकम रु. १४७००/- नियमानुसार विविध खर्चबाट उक्त होटललाई उपलब्ध गराउने निर्णय गरियो ।

ट) सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरको च. नं. १३३७, मिति २०८०/०२/२८ को पत्रानुसार स्थानीय तहमा प्रदेश सरकार, सम्बन्धित स्थानीय तहहरु तथा साझेदारी संस्था करुणा फाउन्डेसन नेपालको त्रिपक्षिय साझेदारीमा यस नगरपालिकामा अपाङ्गता रोकथाम तथा पुनस्थापना संचालन गर्न नियामानुसार प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

ठ) कटारी न.पा.को आ.व.२०७९।८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सव वहान खरीदको लागि रु.१५ लाख विनियोजन गरेको र सव वहान खरीदका लागि क्याटलग सपिङ्ग विधिबाट खरीदका लागि तोकिएको स्पेसीफिकेसन अनुसारको सव वहान खरीदको लागि छुट सहित अन्तिम खरिद मुल्य रु.१६,७०,०००।– (सोह्र लाख सत्तरी हजार) स्वीकृत भई सव वहान कार्यालयको नाममा नामसारी समेत भई भूक्तानी माग गरेको हुँदा नगर सभाबाट स्वीकृत बजेट

रु.१५,००,०००।– (पन्ध्र लाख) र नपुग रकम रु.१,७०,०००।– (एक लाख सत्तरी हजार) सवारी साधन मर्मत खर्च शिर्षकको बाँकी बजेटबाट खर्च लेख्ने गरी जम्मा रु.१६,७०,०००।– (सोह्र लाख सत्तरी हजार) आई एम ई. मोटर्स प्रा.ली. लाई भुक्तानी दिने निर्णय गरियो ।

ड) नगरको खेलकुद क्षेत्रलाई समानुपातिक रुपमा विकास गर्ने उदेश्य अनुरुप मिति २०७९।१०।१८ गतेको नगर कार्यपालिकाको बैठकले सितोरिया कराते प्रतियोगितालाई १ लाख ५० हजार, तेक्वान्दोलाई १ लाख ५० हजार र उसु प्रतियोगितालाई १ लाख गरी जम्मा ४ लाख रुपैयाँ विनियोजन गरेकोमा श्रोतगत बजेट अभाव र खेलको लागि उपयुक्त समय अभावको कारणले सो बजेट खर्च नगरिएकोमा सोही बजेटबाट मार्सल आर्टसको लागि म्याटः १०० पिस, डमी प्याडः २ थान, ग्लोब्सः ४० थान र चेस्ट गार्डः १० थान उपलब्ध गरिपाउँ भनी डो. जो. कटारी, उदयपुरको च. नं. ६४, मिति २०८०/०३/०१ को पत्रानुसार माग भइ आएकोले आगामी आ व मा अनिवार्य जिम्मेवारी सारी खरिद गरी ती सामग्री दिने निर्णय गरियो ।

ढ) संघीय सरकार तथा प्रदेश सरकारको लक्ष्य अनुसारको राजश्व संकलन नभएको कारणले नगरपालिकामा पनि तोकिएको बजेट प्राप्त नहुने साथै अर्थ मन्त्रालयले अन्तिम चौमासिकको बितिय समानीकरण अन्तर्गतको ५० % बजेट दिन नसक्ने पत्र प्राप्त भएको तथा आन्तरिक राजश्व बाँटफाँटतर्फ पनि तोकिएको लक्ष्य अनुरुप राजश्व संकलन नभएकोले नगरका केहि सम्झौता भएर कार्यन्वयन हुँदै गरेका कार्यक्रम तथा आयोजनाहरुलाई चालु आर्थिक वर्षमा भूक्तानी गर्न नसकिने र त्यस्ता आयोजना र निर्णय भई सम्झौता भइसकेका कार्यक्रम तथा आयोजनाहरु जिम्मेवारी सारेर अनिवार्य दायित्वको रुपमा लैजाने निर्णय गरियो ।

ण) यस कटारी नगरपालिकाको विभिन्न वडाका विभिन्न व्यक्ति तथा संस्थाहरुले गत आ. व. २०७८/७९ मा मागको आधारमा खरिद गरी वडा क्षेत्रमा हस्तान्तरण भएका तर बजेट अभावका कारण भुक्तानी गर्न नसकिरहेका ती सामानहरुको विवरणका साथ वडा सिफारिस प्रतिवेदन अनुसार पञ्चायती सप्लायर्स क्रमागत योजना/पुरानो भुक्तानी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

त) मिति २०८०/०२/१९ र २०८०/०३/०१ गतेको विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

थ) मिति २०८०/०२/१९ र २०८०/०३/०१ गतेको नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

द) मिति २०८०/०१/१५, २०८०/०१/१९, २०८०/०१/२७, २०८०/०२/१२, २०८०/०३/०७, गतेको आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

ध) कटारी नगरपालिकामा विभिन्न पद र तहमा कार्यरत करारका कर्मचारीहरुको करार सम्झौता यही असार मसान्तमा सकिने भएकोले करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ अनुसार

कार्यसम्पादन मूल्याकंन गरी सोहि आधारमा आगामी आर्थिक वर्षको लागि करार थप गर्ने निर्णय गरियो ।

न) प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान झापाको आर्थिक तथा स्ट्रेन्थ इन्जिनियरिङ कम्पनी पा.लि. को प्राविधिक सहयोगमा तयार गरिएको यस नगरपालिकाको प्रथम आवधिक विकास योजना (२०७९।८० - २०८४।८५) को अन्तिम मस्यौदालाई स्वीकृत गरी भुक्तानी गर्ने निर्णय गरियो।

प) कटारी बजार क्षेत्रमा Synergy IT Solutions Pvt. Ltd काठमाडौं मार्फत सि.सि.टि.भी. जडान गरी भूक्तानीको लागि ईलाका प्रहरी कार्यालय, कटारी उदयपुरबाट बिल सहित पेश भएको हुँदा बिल बमोजिमको रकम रु. ९५,३७२/- सम्वन्धित फर्मलाई उपलब्ध गराउने निर्णय गरियो ।
स्रोतः मेसिनरी तथा औजार

फ) मिति २०८० असार ०७ गते पेश भएको स्तरवृद्धि सम्बन्धी टिप्पणी र आदेश तथा स्तरवृद्धि सिफारिस समितिबाट पेश भएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।